म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३१६ शुक्रबार १० असार २०७९ ने. सं. ११४२ तछलागा 24 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेरोइनसहित ४ जना पक्राउ

काठमाडौं, ९ असार/ प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले ४.९ किलो लागूऔषध हेरोइनसहित ४ जनालाई पक्राउ गरेको छ । विगतमा केही मानिसहरुलाई पटक-पटक पक्राउ गरेको अनुभवको आधारमा शंकास्पदको पहिचान गरेर अनुसन्धान गर्ने क्रममा झण्डै ५ किलो लागूऔषध हेरोइन बरामद भएको ब्यूरोका एसपी जीवन श्रेष्ठले बताए ।

उनका अनुसार पक्राउ पर्नेमा तान्जानियन नागरिक अब्दल्ला बुल्लिकक, भारतीय नागरिक मुनिम सिंह, विक्रमजित सिंह र वीरगञ्ज घर भएका नेपाली नागरिक कोबिक्की रौनियार छन् । श्रेष्ठका अनुसार तान्जानियन नागरिकको गतिविधि शंकास्पद लागेपछि ब्यूरोबाट खटिएको टोलीले उनलाई निगरानी गर्दै बौद्धस्थित एक होटलसम्म पुगेको थियो । त्यसक्रममा उनले ल्याएको सुटेकसभित्र झण्डै ५ किलो लागूऔषध हेरोइन बरामद भएको हो ।

'हेरोइन लुकाउनलाई उनले सुटकेसभित्र पिँधको भागमा रहेको फल्सबटममा लागूऔषध लुकाएका थिए' श्रेष्ठले भने । पक्राउ परेका भारतीय नागरिक चाहिँ उनीसँग लागूऔषध लिन आएका थिए ।

## मकवानपुरका पालिकाले आज बजेट ल्याउँदै, प्राथमिकतामा पूर्वाधार

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ मकवानपुरका स्थानीय तहहरुले आज शुक्रबार आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रम र बजेट ल्याउँदै छन् ।

हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिकासहित ८ वटा गाउँपालिकाले बजेट ल्याउन लागेका हुन् । अधिकांश स्थानीय तहले बिहीवार नै बजेटको तयारी सकाएका छन् । पालिकाहरुले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि असार १० गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार नीति तथा कार्यक्रम र बजेट ल्याउन लागेका हुन् । जिल्लास्थित १० पालिकामध्ये सबैभन्दा ठूलो आकारको बजेट हेटौंडा उपमहानगरपालिकाले ल्याउँदै छ । हेटौंडाले साढे २ अर्ब बढीको बजेट ल्याउने तयारी गरेको छ ।

गत मंगलबार बसेको कार्यपालिका बैठकले १० गतेलाई नगरसभा बोलाउँदै नीति तथा कार्यक्रम पारित गरिसकेको छ । हेटौंडाले करिब २ अर्ब ७० करोडको बजेट ल्याउने तयारी गरेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । उपमहानगरले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर नीति कार्यक्रम तथा बजेट ल्याउने तयारी गरेको न्यौपानेले बताए । हेटौंडापछि थाहा नगरपालिकाले सबैभन्दा ठूलो बजेट ल्याउँदै छ । थाहा नगरपालिकाले करिब १ अर्ब ८ करोडको बजेट ल्याउने तयारी गरेको हो । थाहा नगरले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकता दिएर नीति, कार्यक्रम तथा बजेट ल्याउने नगर प्रमुख विष्णुबहादुर विष्टले जानकारी दिए ।

मकवानपुरगढी गाउँपालिकाले ६७ करोड ४४ लाख २२ हजार रुपैयाँको बजेट ल्याउन लागेको प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले जानकारी दिए । कृषि क्षेत्रमा जिल्लामै उल्लेखनीय काम गरेको मकवानपुरगढीले पूर्वाधार विकाससँगै, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर बजेट ल्याउने तयारी गरेको उनले बताए । जिल्लाकै विकट राक्सिराङ गाउँपालिकाले ५५ देखि ६० करोडको बजेट ल्याउने तयारी गरेको छ । राक्सिराङले पनि बजेटमा पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ ।




राक्सिराङले चट्याङबाट बच्न अर्थिङ राख्न र स्वास्थ्य बीमामा ७५ प्रतिशत अनुदान दिने गरी बजेट ल्याउन लागेको छ । राक्सिराङमा धेरै चट्याङका कारण जनधनको क्षति हुने गरेको तथ्यांक छ । गरिबीका कारण अधिकांश गाउँबासी स्वास्थ्य सेवाबाट बञ्चित भएकाले पालिकाले स्वास्थ्य बीमा अनुदान कार्यक्रम ल्याउन लागेको हो । गाउँबासीलाई उत्पादनमा जोड्न कृषि तथा पशुपालनमा पनि अनुदान कार्यक्रम ल्याउन लागेको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले जानकारी दिए ।

बकैया गाउँपालिकाले ७५ करोडको बजेट ल्याउने तयारी गरेको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले जानकारी दिए । उनले पूर्वाधार विकास, कृषि, शिक्षा र स्वास्थ्यमा प्राथमिकतामा दिएर बजेट ल्याउन लागेको बताए । विकट कैलाश गाउँपालिकाले करिब ५२ करोडको बजेट ल्याउने तयारी गरेको छ । कैलाशले भौतिक पूर्वाधार विकाससँगै शिक्षा र स्वास्थ्यमा प्राथमिकताका साथ बजेट बिनियोजन गरेको जनाइएको छ । भिमफेदी गाउँपालिकाले करिब ७० करोडको बजेट ल्याउने तयारी गरेको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । भिमफेदीले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषिमा प्राथमिकता दिएर बजेट ल्याउने भएको हो ।

यसैगरी, जिल्लाको पूर्व क्षेत्रस्थित बागमती, मनहरी र इन्द्रसरोबर गाउँपालिकाले पनि आज शुक्रबार बजेट ल्याउने तयारी गरेका छन् । तर, यी पालिकाका जनप्रतिनिधिदेखि प्रमुख प्रशासकीय अधिकृतलाई सम्पर्क हुन नसक्दा विवरण प्राप्त भएन् । मकवानपुरका कतिपय पालिकाहरुले चालू आर्थिक वर्ष २०७८/०७९ को भन्दा आकार बढाएर बजेट ल्याउँदै छन् भने केहीले घटाएर बजेट सार्वजनिक गर्दैछन् । मकवानपुरले चालूको भन्दा बजेट घटाएर ल्याउँदैछ । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिकालगायतले बजेटको आकार बढाउँदै छन् । ३० वैशाखमा स्थानीय तह निर्वाचनले अधिकांश पालिकामा नयाँ अनुहारका जनप्रतिनिधि आएकाले आज आउने बजेटप्रति जनचासो बढेको छ ।

यसैगरी, संवैधानिक व्यवस्था अनुसार संघीय र प्रदेश सरकारले बजेट ल्याउँपछि स्थानीय तहहरुले ३० असारभित्र बजेट ल्याउनु पर्नेछ । जसअनुसार १० असारमा देशभरका स्थानीय तहहरुले बजेट ल्याउँदै छन् । यसअघि बागमती प्रदेश सरकारले पनि झण्डै ७१ अर्बको बजेट ल्याईसकेको छ । प्रदेशको बजेटबाट मकवानपुरमा २ अर्ब बिनियोजन भएको थियो । प्रदेश सरकारले चालू, पूँजी तथा सबै अनुदानतर्फ प्रदेशका १३ जिल्लामध्ये सबैभन्दा धेरै मकवानपुरलाई बजेट विनियोजन भएको हो । मकवानपुरले कूल बजेटमध्ये २ अर्ब ८ करोड ४३ लाख ४६ हजार पाएको हो ।

मकवानपुरलाई चालु र पूँजीगततर्फ ७५ करोड ८६ लाख २० हजार रुपैयाँ बजेट छुट्याइएको छ । चालुतर्फ ४७ करोड ५२ लाख २६ हजार, पूँजीगततर्फ २८ करोड ३२ लाख ९४ हजार बजेट बिनियोजन भएको हो । त्यस्तै, समानीकरण अनुदानतर्फ १३ करोड १५ लाख ३२ हजार, सशर्त अनुदानतर्फ २६ करोड २२ लाख ९४ हजार, विशेष अनुदानतर्फ ८ करोड १५ लाख, समपूरक अनुदानमा ११ करोड ७० लाख रुपैयाँ बजेट बिनियोजन भएको हो ।

## हेटौंडा-१ मा २० वर्षमुनिका ८ जना गर्भवती

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ मा अवस्थित नकौली शहरी स्वास्थ्य केन्द्रमा दैनिक रुपमा नि:शुल्क सुत्केरी जाँच गर्ने गरिन्छ ।

चालु आर्थिक वर्ष २०७८/८९ को जेठ मसान्त सम्ममा नकौली शहरी स्वास्थ्य केन्द्रमा १ सय ४० जनाको नि:शुल्क गर्भ जाँच गरिएको छ । गर्भ जाँच गराएका मध्ये ८ जना २० वर्ष भन्दा कम उमेरका रहेका छन् । उनीहरु हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडाको लालझाडी, नकौली र घ्याङसिङटारका रहेको रहेको नकौली शहरी स्वास्थ्य केन्द्रकी अनमि सिता दंगालले जानकारी दिइन् ।




२० वर्ष भन्दा कम उमेरमा बसेको गर्भमा शारिरिक रुपमा मात्र नभई सामाजिक रुपमा पनि नकरात्मक असर पर्ने अनमि दंगालको भनाई छ । उनले १ नम्बर वडाको लालझाडी, नकौली र घ्याङसिङटारमा २० वर्ष भन्दा कम उमेरमा विवाह गरेर बच्चा जन्माउनेको संख्या धैरै रहेको बताइन् । २० वर्ष भन्दा कम उमेरमा विवाह गरेर बच्चा जन्माउदा अरुलाई पनि प्ररित गर्ने खालका कार्य त्यस क्षेत्रमा भएको उनको गुनासो छ । त्यस क्षेत्रमा सानै उमेरमा भागी विवाह गरेर बच्चा जन्माउने समस्या रहेको उनले बताइन् । स्वास्थ्यकर्मीले परामर्श, स्वास्थ्य शिक्षामा आधारित भई चेतनामुखी कार्यक्रम, अभिमुखीकरण जस्ता कार्यक्रम सञ्चालन गर्दा पनि यस्तो समस्या न्यूनीकरण हुन नसकेको उनको भनाई छ । विगत केहि वर्ष अघिसम्म त्यस क्षेत्रमा होमडेलिवरी नै हुने गरेको थियो ।

तर, अहिले स्वास्थ्यकर्मीको पहलमा स्वास्थ्य संस्थामा वा अस्पतालमा गई गर्भ जाँच गराउने र प्रसुती हुनेको संख्या बढेको उनले बताइन् । गर्भावस्थामा स्वयम गर्भवती महिलाले ध्यान नदिए आमा र बच्चा दुबैको ज्यान जान सक्ने हुनाले स्वास्थ्य केन्द्रमा गर्भ जाँच गराउन आएका गर्भवती महिलाहरुलाई आवश्यक परामर्श दिने गरेको उनको भनाई छ । गर्भावस्थामा ध्यान नदिए आमा र बच्चा दुबै जना कुपोषित हुने खालका समस्या देखा परेका हुनाले नकौली स्वास्थ्य केन्द्रले दैनिक रुपमा गर्भवती महिला लगायत अन्य आम नागरिकलाई नि:शुल्क सेवा प्रवाह गर्दै आएको उनले जानकारी दिइन् । उक्त स्वास्थ्य केन्द्रमा नि:शुल्क रुपमा सर्वसाधरणहरुलाई ओ.पि.डि सेवा पनि प्रदान गर्दै आएको छ । स्वास्थ्य केन्द्रले प्रत्येक महिना नकौलीमा गाउँ घर क्लिनिक पनि सञ्चालन गर्दै आएको दंगालले जानकारी दिइन् ।

नकौली शहरी स्वास्थ्य केन्द्रमा गर्भ जाँच, बालबालिकालाई नियमित खोप, सामान्य रोगको परीक्षण तथा उपचार लगायतका सेवा प्रवाह गर्दै आएको छ ।

## हेटौंडामा आज एक दिने 'डेरी मेला' हुँदै



हेटौंडा, ९ असार/ हेटौंडामा आज शुक्रबार एक दिने 'डेरी मेला' हुँदैछ । बागमती प्रदेशको राजधानी हेटौंडामा नेपाल डेरी एशोसिएसनले आफ्नो २२ औं वार्षिक साधारण सभा एवं ८ औं राष्ट्रिय महाधिवेशनको अवसरमा आज एक दिने डेरी मेला गर्न लागेको हो ।

बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै एशोसिएसनका केन्द्रीय अध्यक्ष राधाकृष्ण सापकोटाले दुधको महत्व र दुग्ध पदार्थको उपभोगमा बृद्धि गर्न प्रचार-प्रसार गर्न डेरी मेलाको आयोजना गर्न लागिएको जानकारी दिए । उनका अनुसार हेटौंडा-२ को पल्पसा सदनमा आज बिहान १० बजेदेखि अपरान्न ४ बजेसम्म डेरी मेला रहने र त्यसपछि एशोसिएसनको साधारणसभा एवं अधिवेशन सुरु हुने छ । बागमती प्रदेशका कृषि तथा पशुपंक्षी मन्त्री बसुन्धरा हुमागाईले उद्घाटन गर्ने मेला तथा साधारण सभामा देशभरबाट डेरी व्यवसायीहरुको सहभागिता रहने एशोसिएसनले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# प्राङ्गारिक मल प्रयोग बढाऔं

नेपाल कृषि प्रधान देश हो । विद्यालयदेखि क्याम्पसस्तरको शिक्षामा यहि कुरा रटान दिँदै आइएको छ । सरकारी आधिकारिक दस्तावेजहरुमा नेपालको कूल गार्हस्थ उत्पादन (जीडीपी) मा कृषि क्षेत्रको योगदान एक तिहाइ रहेको र दुई तिहाइभन्दा बढी जनता कृषिमै आश्रित रहेको उल्लेख गरिएको पाइन्छ । धान उत्पादन बढ्यो भने आर्थिक बृद्धिदर बढी हुन्छ, कम भयो भने बृद्धिदर कम । यसबाट हामीले के बुझ्नु पर्छ भने 'नेपाल अहिले पनि कृषि प्रधान' देश नै हो । तर, कृषि प्रधान देशका किसानहरुले बालिनालिमा आवश्यक पर्दा मल नपाएर छट्पटाउनु परेको अहिलेमात्रै होइन । आवश्यक पर्ने बेलामा किसानले मल नपाएको समाचार वर्षेनि पढ्दै सुन्दै आइएको छ । यो एउटा नियमित आउने चाडपर्वसम्बन्धी समाचारझैं भइसकेको छ । तर, यसको दीर्घकालीन समाधान अझै हुन सकिरहेको छैन ।

रासायनिक मलको बढ्दो प्रयोगका कारण नेपालमा प्राङ्गारिक मलमात्रै हालेर बालि उब्जन सक्दैन । रासायनिक मल प्रयोगको मात्र पनि बढ्दै गइरहेको छ । नेपालमा मल उत्पादन गर्न नसकिने हो भने विदेशको मात्रै मलको भर पर्दा सधैं समस्या दोहोरिरहनेमा दुईमत छैन । त्यसैले रासायनिक मलमा देशलाई आत्मनिर्भर बनाउँदै जान सक्नु पर्दछ । नेपालमा २०७२ सालमा लगानी बोर्डले नेपालमा रासायनिक मल कारखाना स्थापनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट कर्पोरेसन (आइडेक) कर्नाटकसँग सम्झौता गरेको थियो। उक्त परामर्शदाताले बुझाएको प्रतिवेदनले नेपालमा रासायनिक मल कारखाना स्थापना गर्न कठिन र उत्पादन लागत महँगो पर्ने जनाएको थियो । त्यसपछि सरकारले राष्ट्रिय योजना आयोगका सदस्य डा. दिलबहादुर गुरुङको संयोजकत्वमा छुट्टै समिति गठन गरेर स्वतन्त्र मूल्यांकन गरी प्रतिवेदन तयार गरेको थियो । जसअनुसार मल कारखाना खोल्न कम्तीमा ७२ अर्ब लाग्ने र वार्षिक ७ लाख मेट्रिक टनभन्दा सानो क्षमताको उद्योग स्थापना गर्दा उत्पादन लागत अचाक्ली महँगो पर्ने आकलन गरिएको थियो । जापान सहयोग नियोग (जाइका)ले सन् १९८४ तिर यस विषयमा अध्ययन गर्दै हावाबाट नाइट्रोजन ग्याँस निकालेर मल कारखाना स्थापना गर्न सकिने प्रतिवेदन दिएको थियो । तर, त्यसका लागि ठूलो परिमाणमा विद्युत आवश्यक पर्ने, जुन नेपालसँग त्यतिबेला नभएका कारण मल कारखाना स्थापना सम्भव नभएको जाइकाको निष्कर्ष थियो ।

यसरी विभिन्न समयमा रासायनिक मल कारखाना स्थापनाको विषयमा अध्ययन भएर देशले नै मल उत्पादन थाल्न गाह्रो भइरहँदा बागमती प्रदेश सरकारले काठमाडौं युनिभर्सिटीसंग मल कारखानाको सम्भाव्यता अध्ययन सम्झौता गरेको छ । यसले कत्तिको उपब्धि हासिल होला हेर्न बाँकी छ । तर, अब नेपालमा दीगोरुपमा माटो संरक्षण गर्दै उत्पादन दरलाई राम्रो बनाउन रासायनिक मलको प्रयोग क्रमश: घटाएर प्राङ्गारिक मलको उत्पादन र प्रयोगमा जोड दिने पो हो कि ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार १०१ गते शनिबार २५ जुन २०२२ । असार कृष्णपक्ष द्वादशी । तछलागा द्वादशी ११४२ । सुर्योदय: ५:११, सुर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्थानान्तरणको योग | तुला | : कार्यमा ढिलाइ |
| वृष | : धर्मबाट सन्तोष | वृश्चिक | : ऋण र शत्रु वृद्धि |
| मिथुन | : कार्यमा अवरोध | धनु | : परिवारमा विवाद |
| कर्कट | : स्वजनबाट विरोध | मकर | : खिन्नता रहने |
| सिंह | : शैक्षिक कार्यमा बाधा | कुम्भ | : ऋण नाश |
| कन्या | : आफन्तमा विवाद | मीन | : खर्च वृद्धि |

# सौर्य विद्युत् ध्वस्त पार्दै ऊर्जामन्त्री, रमिते नियमन आयोग



✍ विकास थापा

विद्युत् नियमन आयोग ऐन कार्यान्वयनमा आइसकेको पृष्ठभूमिमा नेपाल विद्युत् प्राधिकरण उत्पादन र वितरणको महसुल दर, खरिद बिक्री दर तोक्ने निकायको रूपमा कानुनत: रहेन । कानुनले महसुल निर्धारण गर्ने अधिकार नभए पनि प्राधिकरणमा पुरानो धङधडी कायमै रहेको देखियो- सञ्चालक समितिको गत फागुन ४ गतेको ८९९ औं बैठकको निर्णयले । ऊर्जा मन्त्री पम्फा भुसालले अध्यक्षता गरेको उक्त बैठकले सौर्य विद्युत् आयोजनाहरूको प्रतिस्पर्धाका माध्यमबाट विद्युत् खरिद गर्ने प्रयोजनका लागि वार्षिक मूल्य वृद्धि नहुने गरी सौर्य विद्युत्को आधार दर प्रतियुनिट नेरु ५.९४ कायम गर्ने निर्णय गरेको थियो । यसलाई कायम गर्न विद्युत् नियमन आयोगसमक्ष अनुरोध गरी पठाउने भन्दै प्राधिकरणले चैत २२ गते आयोगलाई पत्राचार गऱ्यो ।

पूर्व राजा ज्ञानेन्द्र शाह अझै पनि 'राजा'कै भान दिलाउँदै हिंड्छन् । अनि अझै कतिपय मान्छेलाई उनलाई 'मौसूफ त राजै होइबक्सन्छ' पनि भन्छन् । यही शैलीमा प्राधिकरण पनि 'हामी नै हौं, हामीले गरेपछि किन हुँदैन' भन्ने एक प्रकारको अहम् ऊर्जामन्त्रीमा अद्यापि छ । त्यही अहम् प्रस्फुटन भएर सौर्य विद्युत्को खरिद दर (पीपीए) तोकियो । यो निर्णय गैरकानुनी छ । प्राधिकरणले आफँले कुनै पनि ट्यारिफ निर्धारण गर्न सक्दैन, पाउँदैन ।

जऐनले नै विद्युत् 'मह'सुल निर्धारण गर्ने कार्य विद्युत् नियमन आयोगलाई दिइसकेको छ । आयोगले गर्ने काम प्राधिकरण आफैले गर्नु गैरकानुनी मात्र होइन, नियत पनि खराब देखियो । कानुनविपरीत निर्धारण गरेको दर (प्रतियुनिट ५.९४ रूपैयाँ) को हैसियत एउटा प्रस्तावसरह हुन्छ, लागू हुँदैन । हाल कायम भइरहेको सौर्य विद्युत्को खरिद दर प्रतियुनिट ७.४० रूपैयाँ नै हो । आयोगले सहमति नदिएसम्म त्यो लागू हुँदैन । अहिलेसम्म आयोगले सहमति दिएको छैन । तर प्राधिकरणले सौर्य विद्युतको पीपीए गर्दैन, केवल ऊर्जामन्त्रीको सनकका कारण ।

प्राधिकरण ऐन, कानुनले चल्ने हो कि ऊर्जामन्त्रीको फरमानले ? महसुल दर परिवर्तन गर्न प्राधिकरणले प्रस्ताव गर्न सक्छ, आफ्नो आय-व्यय अध्ययन गरेर । सौर्य विद्युत् यो रेटमा किन्न मलाई उपयुक्त हुन्छ भनेर प्राधिकरणले प्रस्ताव गर्न सक्छ । तर त्यो दर (५.९४ रूपैयाँ) हो कि होइन ? न ७ रूपैयाँ प्रतियुनिट हो, न ५ रूपैयाँ प्रतियुनिट हो ? त्यही भएर सञ्चालक समितिले अबदेखि प्रतिस्पर्धामा मात्र सौर्य विद्युत् खरिद गर्ने भन्दैमा कानुनत: लागू हुँदैन । कानुन नै नमान्ने हो भने कुरा बेग्लै । अहिले कानुनविपरीत सौर्य विद्युत्को पीपीए रोकेर बसेको अवस्था हो । उसले सञ्चालक समितिबाट पारित गरेको दर प्रतियुनिट ५।९४ रूपैयाँ के आधारले तय गऱ्यो ? मुलुकको सौर्य विद्युत् क्षेत्रलाई कन्याककुरुक पारी सिध्याउने नियतले एकाएक यस्तो 'नीति' लाद्न खोजेको देखिन्छ । बेला न कुबेला ट्यारिफ दर परिवर्तन गर्ने प्रयत्न भयो, जुन मनासिब छैन । एउटा सरोकारवाला निकायलाई फाइदा पुग्छ भन्दैमा अर्को सरोकारवाला निकायलाई मार्न पाइँदैन । मुलुकको विद्युत् प्रणालीमा सौर्य विद्युत् भनेको इकोसिष्टम (पारिस्थितिकी तन्त्र) जस्तै हो ।

विद्युत् प्रणालीमा एउटा सरोकारवाला निकायको अर्कोमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । जंगलमा बाघ मऱ्यो भने त्यहाँको खाना चक्र (फुड चेन) नै टुट्छ भनेजस्तै हो । यहाँ सौर्य विद्युतको पनि आवश्यकता छ । सौर्य विद्युत् नै आउन नसक्ने गरी र निमिट्यान्न पार्ने गरी प्रतियुनिट ८.९४ रूपैयाँ रहेको ७.४० मा झारे । त्यसबाट पनि ५.९४ मा राखे । यसको पहिलो कारण, ऊर्जामन्त्रीको 'चाहना' सोलारवालाहरूले पूरा गर्न नसकेर हो । दोस्रो, यस्तो मूर्खतापूर्ण निर्णय गर्नु सौर्य ऊर्जालाई ध्वस्त पार्नु मात्र होइन बेमौसमी बाजा बजाएर निमिट्यान्नै पार्नु हो । यी दुई कारण होइन भने ज्ञान र बुद्धिको कमी भएको मान्नुपर्छ ।

उपभोक्ताको महसुल दर र उत्पादकको महसुल दर एक अर्कासँग सम्बन्धित हुन्छन् । आयोगले उपभोक्ता महसुल निर्धारण गर्दा कतिमा बिजुली खरिद गर्दैछ, यसको सञ्चालन खर्च कति छ, प्रणालीमा चुहावट कति छ लगायतका यावत कुरा राखेर निर्णय गर्छ । आर्थिक वर्षको बीच (गत माघ) मा उपभोक्ता महसुल दर परिवर्तन (घट्ने वा बढ्ने) त हुँदैन । भएको पनि छैन । तर आर्थिक वर्षको बीचमा आएर उत्पादकको महसुल दर बेला न कुबेला एकलौटी परिवर्तन गरिदिने ? यसको पनि त सँगसँगै 'सिंक्रोनाइज' (साथ साथ) गर्न जरुरी हुन्छ ।

ऊर्जामन्त्रीको दम्भ र सनकका कारण ध्वस्त हुन लागेको सौर्य विद्युत् क्षेत्रलाई जोगाउने काम थियो विद्युत् नियमन आयोगको । ऊर्जामन्त्री पीडितहरू आयोगमा निवेदन लिएर गए । तर आयोग मौन छ । कुनै कारबाही नगरी बसेको छ । सरकारी निकायहरूले यसरी दमन गर्लान्, स्वेच्छाचारी तरिकाले सेक्टर (क्षेत्र) लाई चलाउलान् भनेर नै नियमन निकाय चाहिने हो । आयोगले 'हालसम्म ग्रीड कनेक्सन गरिसकेका आयोजनाको हकमा आयोगको साविककै महसुल दर प्रभावकारी हुने, अब उप्रान्त नयाँ आर्थिक वर्षदेखि नयाँ लाइसेन्सका हकमा भने सञ्चालक समितिको निर्णय अनुसार कार्यान्वयन गर्न उपयुक्त हुने' भनेर यो क्षेत्रलाई जोगाउन सक्छ । किनभने प्राधिकरणको उक्त निर्णय (प्रतियुनिट ५.९४ र प्रतिस्पर्धा) लागू भइसकेको छैन, आयोगले सहमति नदिएका कारण ।

आयोगले निर्णय गर्नुभन्दा अगाडि प्राधिकरणले तोकेको दर लागू हुने हो भने त्यो 'रेट्रोस्पेक्टिक' (पश्चगामी) हुन्छ । आयोगले आजसम्म निर्णय गरेको छैन । मानौं भोलि निर्णय गऱ्यो, भोलिभन्दा अगाडि नै दिइएका निवेदनहरू र कार्यान्वयनमा गइसकेका पीपीएहरू एकपटक कार्यान्वयन गइसकेर नटुंगिदै कसरी परिवर्तन गर्न मिल्छ ? ऊर्जामन्त्रीको गलत नियतका कारण हुन पुगेको कानुनी त्रुटिपूर्ण निर्णय सच्याउने जिम्मा नियमन आयोगको हो । यो क्षेत्रको रखवारी गर्न कानुनले आयोगलाई जिम्मा दिएको छ । आयोगले यसलाई सच्याएन भने नियामकीय निकायको भूमिका निर्वाह गर्न आयोग असफल भएको ठहर्छ । जब गर्नैपर्ने काम गर्न नचाहने वा नसक्ने हो भने आयोगका पदाधिकारीहरू 'नालायक' नै ठहर्छन् । यसअघि पनि काम गर्न नसकेकै कारण सबै पदाधिकारीहरूलाई निलम्बन गरी बर्खास्त गर्ने प्रस्ताव मन्त्रिपरिषदमा पुगेकै हो । सर्वोच्च अदालतको अन्तरिम आदेशले मात्र पुन: फर्केको कसैले बिर्सेको छैन ।

आयोगका पदाधिकारीहरूमा मनोवृत्ति कस्तो छ भने कानुनले नै गर्नुपर्छ भनेर तोकिएका कामहरू गरिदियो भने पनि 'पैसा खाएर गऱ्यो भनेर हल्ला गर्छन्, त्यही भएर गर्नु हुँदैन' भन्ने खालको छ । यही मनोग्रन्थीले आयोगका पदाधिकारी निकम्मा बन्न पुगेका हुन् । अहिले पनि आयोग अध्यक्षको कोठामा चाङका चाङ फाइलहरूका छन् । त्यो फाइल सम्बन्धित व्यक्तिले अध्यक्षलाई नभेटेसम्म उनको कोठाबाट बाहिर निक्लिदैन ।

आयोगका अध्यक्ष नै त्यस्ता व्यक्ति हुन्, जो विद्युत् विकास विभागको महानिर्देशक हुँदा फाइल आफ्नो कोठामा राख्ने, भन्ने नगएसम्म बाहिर नपठाउने गर्दैगर्दा महानिर्देशकको कोठाभरि फाइलै फाइल हुन्थे । तत्कालीन ऊर्जा सचिव आफैं महानिर्देशकको कोठामा गएर एक गाडी फाइल थुतेर निकाल्नुपरेको थियो । महानिर्देशककालीन प्रवृत्ति अहिले पनि कायमै छ । भन्न गए, फाइल निक्स्यो, नगए थन्क्यो । होइन भने मन्त्रीबाटै आदेश जानुपर्छ । अहिले त मन्त्री र आयोग अध्यक्षको पानी बाराबार छ । निर्णयमा मन्त्रीलाई पर्खने पुरानो बानी आफू कमजोर भएका कारणले हो । अब आयोगले गरेको गलत कामको उजुरी दिन कहाँ जाने ? कारबाही गर्न ऊर्जा मन्त्रालयले हो । कारबाही गरेको पनि हो । सर्वोच्च अदालतले रोकिदियो, यता आयोगमा कुशासनग्रस्त रहृयो ।

आयोगले अर्धन्यायिक निर्णय दिन सक्ने अधिकार छ । यसैका लागि चाहिन्छ, पदमा बसेको व्यक्तिको निर्णय गर्ने क्षमता र तत्परता । ऊर्जामन्त्रीको खराब नियतका साथ आएको सौर्य विद्युतसम्बन्धी निर्णयलाई आयोगले मजाले सच्याएर यो क्षेत्रलाई जोगाइदिन सक्छ । तर सच्यायो भने अरुले भनोस् नभनोस् आफैले आफैलाई 'खाएर गऱ्यो' भन्छन् भन्ने हीन भाव आयोगका पदाधिकारीहरूमा छ । ऊर्जामन्त्रीलाई जतिखेर सनक चढ्यो त्यतिखेर भ्याट्टै नयाँ नियम लागू गराइदिन पाइन्छ ? उपभोक्ताको महसुल दर अर्को निर्णय नभएसम्म त्यही लागू भइरहेको छ ।

उत्पादकको महसुल दर बीचमै कसरी परिवर्तन गर्न कसरी पाइन्छ ? जस्ता प्रश्न आयोगले प्राधिकरणलाई सोध्नुपर्थ्यो । आयोगले यसो भन्ने हो भने प्राधिकरणको बोली बन्द हुन्थ्यो । आयोग आयोगजस्तो भइदिएको भए प्रवर्द्धकले यस्तो सास्ती, दु:ख, ऊर्जामन्त्रीको सर्वसत्तावाद कहाँ रहन पाउँथ्यो र ? फेरि अहिले ग्रीड कनेक्सन गरेर पीपीएका लागि निवेदन दिएर बसेका आयोजना कति नै छन् र ? कूल मिलाएर १६३ मेगावाट न हो । एउटा जलविद्युत् आयोजना जति पनि छैन । कुनै ४ मेगावाटका, कुनै ५ मेगावाटका र बढीमा १० मेगावाट क्षमताका छन् । तर विदेशी कम्पनीलाई ६०१ मेगावाटको (डलर हेजिङसहित) को पीपीए गरि दिने प्राधिकरणले स्वदेशका लगानीकर्ताहरूलाई चाहिं बीचमै रोकिदिने ? यसले ऊर्जामन्त्रीको गलत नियत रहेको प्रस्ट देखाउँछ ।

सौर्य बिजुलीको प्रकृति कस्तो छ भने वर्षायामभरि बादल लागेर उत्पादनै हुँदैन । हिउँदमा घाम लाग्छ, बिजुली उत्पादन हुन्छ । राति हुँदैन । वर्षायाममा हामीलाई यहीं जलविद्युत् छेलोखेलो छ । हिउँदयाममा आयात गर्नुपर्छ भारतबाट । कम्तीमा ती पीपीएका लागि निवेदन परेका १६३ मेगावाटका सौर्य विद्युत्लाई आउन दिएको भए गत हिउँदयामको जस्तो हरिबिजोग त हुँदैनथ्यो । भारतबाट ३८ रूपैयाँ प्रतियुनिटमा किन्छु भन्दा समेत प्राधिकरणले किन्न पाएन । दिनभरि सौर्य विद्युत् चलाएर प्राधिकरणका अर्धजलाशययुक्त (पीआरओआर) जम्मा पारेर रातिको पिकलाई आपूर्ति गर्न सहज हुन्थ्यो । बिजुलीको इकोसिष्टम भनेको यही हो । त्यही इकोसिष्टमलाई ऊर्जामन्त्रीले भताभुंग पारिन् ।

ऊर्जामन्त्रीले विद्युत् नियमन आयोग भंग (सबै पदाधिकारी निलम्बन गरेर) गरेको बेलामा यो निर्णय गरिन् । पहिला किन गरिनन् ? यसले गलत नियत रहेको देखिन्छ । अर्थमन्त्री जनार्दन शर्माले जलविद्युतलाई हेजिङ (विदेशी विनिमय जोखिम) सुविधा दिलाउन नयाँ नियमावली मन्त्रिपरिषद्को विधेयक समितिबाट पारित गराए । त्यो मन्त्रिपरिषद्ले पारित गरेमा नेपाल विद्युत् प्राधिकरणले हेजिङ शुल्कबापत अर्बौं रूपैयाँ तिर्नुपर्नेछ । यस्तोमा ऊर्जा मन्त्री चूँसम्म गरिनन् ।

जाबो १६३ मेगावाटको सोलार, त्यो पनि मुश्किलले दिनमा ६ घण्टा चल्ने, लाई घाँटी निमोठिन् । कुनै हजार, दुई हजार मेगावाटका सौर्य विद्युत् पनि होइनन् ती । त्यसमाथि प्रधानमन्त्री शेरबहादुर देउवाले गत कात्तिकमा कोप २६ सम्मेलनमा १० प्रतिशत सौर्य ऊर्जा नेपालले पुऱ्याउनेछ भनेर घोषणा गरेर आए । यता उनको ऊर्जामन्त्री विश्वलै नै अपनाएको सौर्य ऊर्जालाई सिध्याउन लागिपरिन् ।

आयोगले यसमा न्याय गरेन भने आयोगको काम चाहिँ के हो ? आयोगको औचित्य समाप्त नै हुनेछ । कुनै मन्त्री र शासकले सनकका भरमा र आफ्नो स्वार्थ सिद्ध नहुँदा वा स्वार्थ सिद्ध गर्ने यस्तै गलत कार्य सच्याउन आयोग चाहिएको हो । अमेरिकाले एमसीसीमार्फत ५५ अर्ब रूपैयाँ खर्च गरेर प्रसारण लाइन बनाउन सम्झौता गर्नुअघि नै नियमन आयोग स्थापना हुनुपर्ने पहिलो शर्त राखेको थियो ।

नेपालका मन्त्रीहरूको कुनै भर हुँदैन, गलत कामलाई सच्याउने र न्याय दिलाएन भने लगानी डुब्छ भनेर नै यस्ता नियामक निकाय स्थापना गर्नुपरेको हो । मन्त्री वा प्राधिकरणको मुख ताक्नु नपरोस्, एउटा विधि र पद्धतिले यो क्षेत्र चलोस् भनेर नै विद्युत् नियमन आयोग ऐन, २०७४ लागू गरिएको हो । तर ऐनमा उल्लेख हुँदाहुँदै पनि मन्त्रीको मुख ताक्ने, रमिते बन्ने आयोगका अध्यक्षको नियत पनि आफैंमा सफा छैन । यस्ता पात्रको भरमा आयोगले न्याय दिन सक्दैन । न्याय दिन नसक्नेहरू पदमा टाँसिरहनु नै नेपाली जनताको नियति हो ।

-साभार: इकागज

# नयाँ बजेट कार्यान्वयनको बाटो र जटिलता



✍ दीपेन्द्रबहादुर क्षेत्री

**सबै कुरा कार्यान्वयन गर्नको निमित्त अर्थ मन्त्रालय तुरुन्त टास्क फोर्स यस्तो बनाओस् बजेटमा प्रोभिजन गरिएका कुराहरु कहिलेदेखि लागू गर्ने हो । किन लागू हुन सकेन भन्ने फिडब्याक तुरुन्तै लिनुपर्छ ।**

अर्थतन्त्रले भोगिराखेका समस्याको विषयमा बजेटले केही सम्बोधन गर्न खोजीराखेको छ कि छैन् ? आगामी दिनमा अग्रगामी दिशामा जानको निमित्त केही प्रयन्त गरेको छ कि छैन भन्ने कुरा मुख्य हो । बेरोजगारी, औद्योगिक उत्पादन घटेर गइरहेको छ । वस्तुको आयात बढेर गएको हुनाले व्यापार घाटा हामीले सम्बोधन गर्नका लागि केही गरेका छौं कि छैनौं ? अनि त्यसपछि आएर यो विशेष क्षेत्रमा के-के भन्न खोजेको छ ? बजेटले व्यापार घाटा कम गर्न केही कदम चालेको छ कि छैन ? अर्थात् अर्थतन्त्रमा राहत दिन सकेका छौ कि छैनौं ? यो दुई, तीन वटा कुराको सेरोफेरोमा रहेर म कुरा गर्छु ।

सबैभन्दा पहिला कुरा अहिले व्यापार घाटामा छ । यसबाट बच्न बजेटले ३० प्रतिशत आयात घटाउनुपर्ने विषय समेटेको छ । उत्पादन वृद्धि गर्नलाई छुट्टै किसिमको रणनीति आवश्यक पर्छ । प्राविधिक पक्ष बालीदेखि लिएर पशुपन्छीसमेत प्रत्येक पालिकामा एउटा स्टेशन तयार गरेर राख्नुपर्छ । यसले अर्थतन्त्रमा केही वृद्धि ल्याउन सक्छ । उत्पादन गर्नको निमित्त नीतिले ठाउँ दिन खोज्ने तर, तथ्यांकले चाहिँ दायाँ बायाँ गर्न खोज्ने भएपछि काम कारबाही फरक पर्ने रहेछ ।

यी सबै कुराको लागि पाँच अर्बको लगानीबाट पनि राख्ने र स्थानीय स्तरका किसानलाई पनि यसमा उत्पेरित गर्नुपर्छ । त्यसो भएपछि पुँजीको अभाव र प्रविधिको सहयोगमा उत्पादन बढाउन सकिन्छ । आन्तरिक खपतको निमित्त र आवश्यकता अनुसार निर्यात पनि गर्न सकिन्छ । यसले व्यापार घाटा कम गर्ने एउटा बाटो खुल्छ । अब यो बजेटको साइजको विषयमा गतवर्ष १६ खर्बको बजेट ल्याइयो । यसको कार्यान्वयनको जटिलताको कुरा गर्ने हो भने पूर्जीगत खर्चको हिसाबले हेर्ने हो भने ३३ प्रतिशत भन्दा भएको छैन् । तर, यो आर्थिक वर्षको अन्त्यसम्म ७७ बिन्दु ७९ खर्च गर्छौं भन्ने कुरा सुनिन्छ । तर, त्यो पत्याउने आधार देखिँदैन । मूल्य वृद्धिको विषयमा अन्तर्राष्ट्रिय पेट्रोलियम प्रोडक्सनमा भएको वृद्धि चर्किदै गएको छ । व्यापारीले बजेट आउने भयो भनेपछि तीन दिनदेखि सामान बन्द गरेका हुन्छन् । अनि भित्री बाटोबाट जाने हो भने २० देखि २५ प्रतिशत बढी लिने र दिने चलन छ ।

हामीले कालोबजारी राम्रोसँग नियन्त्रण गर्न सकेको छैन । सरकारी संयन्त्रले अनि व्यापारीलाई कालो बजारी भन्न पाइन्छ । आएको कर्मचारीले अलिकति रिसोर्ट पाउन सक्यो भने त्यो छापा मारेको अर्थ हुँदैन । किनकी यही मुलुक हो नि ७ अर्ब बराबरको भ्याट घोटाला भो भनेर हल्ला भएको पनि । त्यतिबेला अर्थ सचिवले हैन यसलाई छानबिन गर्नुपर्छ भन्दा जागिरै छोडेर जानुपर्ने अवस्था आयो । यसमा निजी क्षेत्रको पनि संलग्नता छ । प्रशासन नियन्त्रणतिरको पनि छ । सबै कुरा भएको हुनाले एउटा कार्यक्रम सञ्चालन गर्दा सुशासन हुनुपर्यो । उदाहरणको लागि महालेखा परीक्षकले प्रत्येक वर्ष प्रतिवेदन ल्याएको हुन्छ । तर, सार्वजनिक लेखा समितिमा चार वर्षदेखि ती प्रतिवेदन अहिलेसम्म पनि छलफल नै भएका छैनन् । त्यसमा रहेका कमीकमजोरी सम्बोधन गर्नको लागि जिम्मेवार संसद्ले पनि राम्रोसँग काम नगरेको हो कि भन्दा बाहिरका मान्छेले यो सिस्टमले फेल खायो भन्छन् । कति ठूलो बलिदान गरेर आएको यो सिस्टमलाई त्यत्तिकै फाल्न सक्छौं र ? यो कृषिलाई उद्योगसँग जोड्नु पर्यो । हाम्रो आफ्नो उत्पादन आफै खपत गर्छौं, रुग्ण उद्योगलाई पुन: स्थापना गर्न पाँच वटालाई हामीले सिफारिस नै गरेका थियौं । तर, त्यसमा अर्को एउटा थपिएर गएछ ।

त्यो भनेको गोल्छा हारगुहार रहेछ । जो शक्तिवाल छ नि उसले त्यहाँ घुसाउन सक्ने, उसकै अनुसारका नीति निमार्ण हुने फ्याक्टको रुपमा हेर्न सकिन्छ । सार्वजनिक खरिद ऐन आर्थिक वर्षमा त ६ पटकसम्म संशोधन भएको छ । यसपालिकाको बजेटमा पनि संशोधन हुनेछ । त्यसैले अकाउन्ट एबिलिटी सीमित सिभिल सोसाइटीले गराएर मात्रै हुन्छ कि त्यही भित्रबाट केही गर्नुपर्ने हो । कर्मचारीको तलब वृद्धि भएर आएको छ । क्यापिटल एक्सपिलिचर चाहिँ ३३ प्रतिशतभन्दा बढी नहुनुमा, अब चाँहि यस पटकको बजेटमा के छ भने कमसेकम दुई वर्षभित्र आन्तरिक प्रतिस्पर्धा गरेर परियोजनामा कार्यान्वयन गर्छौं । केही ठोस किसिमले प्रतिवद्धता जनाएको कुराहरु कार्यान्वयन हुन्छन् भन्ने देखिनुपर्छ । सबै कुरा कार्यान्वयन गर्नको निमित्त अर्थ मन्त्रालय तुरुन्त टास्क फोर्स यस्तो बनाओस् बजेटमा प्रेभिजन गरिएका कुराहरु कहिलेदेखि लागू गर्ने हो । किन लागू हुन सकेन भन्ने फिडब्याक तुरुन्तै लिनुपर्छ ।

जसलाई दिनुपर्ने हो दिन्छ । त्यो अनुसार चाहिँ जानसक्यो भने यो बजेट कार्यान्वयन हुँदैन भनेर हामीले नकारात्मक सोच राख्ने अवस्था पनि रहँदैन् । तर, फेरि पनि महिलाले गरेका थिएनन् । मैले नगर्दा के फरक पर्छ भन्ने दुईदुई वटा निर्वाचन हामीले गर्नुपर्ने छ । यसकारण हामीले कता मात्रै हेर्ने भन्ने त्यो एस्क्युज फेरि पनि पाउन सकिने भएको मुलुकले धोका पाउनेबाहेक अरु केही पनि पाउदैन । यस्तो नहोस् भन्ने कामनासहित उहाँहरुलाई जाँगर र फूर्ति आओस् । बाहिरबाट सहयोग गर्नुपर्ने सबै क्षेत्रले कार्यान्वयन चाहिँ गर्दै जाओस् ।

*-साभार: खबरहब*

# 'यौन हिंसाका अपराधमा हदम्याद राख्न हुँदैन'



काठमाडौँ/ सांसदहरुले यौन हिंसामा परेका पीडितलाई राज्य कोषबाट क्षतिपूर्ति दिलाउनु पर्ने बताएका छन् । प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको बिहीबारको बैठकमा सांसदहरूले पीडकबाट पीडितलाई क्षतिपूर्ति दिलाउने भन्दा पनि सरकारले राज्य कोषबाट पीडकलाई क्षतिपूर्ति परिपुरणको व्यवस्था गर्नुपर्ने बताएका हुन् ।

उनीहरुले राज्यले जफत गर्ने कालो धनलाई राज्य कोषमा राखेर पीडितलाई दिने व्यवस्था गर्नुपर्ने धारणा राखे । सांसदहरुले समितिको बैठकमा यौन हिंसाका अपराधमा हदम्याद राख्न नहुने जिकिर गरेका छन् ।

बैठकमा नेकपा एमालेकी सांसद विन्दा पाण्डेले पीडक पक्षबाट उठाइएको जरिवाना रकम राज्यकोषमा राख्ने नभइ पीडितलाई दिनुपर्ने बताइन् । उनका अनुसार अन्तरिम संविधानमा पीडक पक्षलाई सजायमात्रै हुने व्यवस्था भएकाले संविधानमा पीडितलाई पीडक पक्षले क्षतिपूर्ति पनि दिनुपर्ने कानुनी व्यवस्था गरिएको हो ।

उनले अहिले पीडक पक्षसँग लिएको क्षतिपूर्तिले पीडितको आत्मसम्मानमा चोट पुग्ने भएकाले राज्य कोषबाट दिने व्यवस्था गर्नुपर्ने बताइन् । सांसद पाण्डेले बलात्कार पीडित महिलाहरुबाट जन्मेका बच्चाहरुको आमाले अभिभावकत्व ग्रहण गर्न नसकेमा राज्यले अभिभावकत्व लिनुपर्ने बताइन् । उनले शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी तथा बालबालिकाको हकमा बिचल्ली परेमा पालनपोषणको जिम्मा राज्यले लिनुपर्ने प्रस्ताव राखिन् । सांसद पाण्डेले महिलाबाट पुरुषमाथि पनि हिंसा हुने घटना देखिएकाले अब कानुन निर्माण गर्दा यसबारे सोच्नुपर्ने बताइन् । उनले यौन हिंसा बारेमा पटक-पटक हदम्याद बढाउने कानुन बनाए पनि अब पुरुष हिंसाका बारेमा पनि सोच्नुपर्ने बेला आएको धारणा राखिन् ।

त्यस्तै, एमाले सांसद पवित्रा निरौला खरेलले पीडितको आत्मसम्मानका लागि भए पनि पीडकबाट लिएको क्षतिपूर्ति राज्यले राख्ने र राज्य कोषबाट नै पीडितलाई क्षतिपूर्ति दिनुपर्ने बताइन् । उनले 'मैले बलात्कार गरेँ, एक लाख दिएँ, मेरै पैसा खाएर बसेकी छ' भन्ने कुरा हुने भएकाले राज्यकोषबाट नै पीडितलाई दिनुपर्ने बताइन् । उनले यौन हिंसाजस्ता अपराधमा हदम्याद राख्न नहुने बताइन् । त्यस्तै सांसद विना श्रेष्ठले बलात्कारका मुद्दा दायर गर्न हदम्यादको व्यवस्था गर्न नहुने बताइन् । उनले यौन हिंसामा परेका महिलाबाट जन्म लिएका बच्चा तथा आमाको अभिभावकत्व राज्यले लिनुपर्ने बताइन् ।

सांसद विमला विश्वकर्माले यौन हिंसाका पीडितलाई क्षतिपूर्ति र परिपुरण सरकारले जरिवानाबापत उठाएको कालो धनबाट दिने व्यवस्था कानुनमा बनाउनुपर्ने बताइन् । उनले राज्यले सुनलगायत बहुमूल्य सामग्री बरामद गरेकोबाट उठेको रकम यौन हिंसा पीडितको परिपुरणका लागि कोष खोलेर राख्ने र पीडितहरूका लागि प्रयोग गर्न सकिनेमा जोड दिइन् । -साभार: इकान्तिपुर

# दक्षिणी चीनमा बाढीको प्रकोप, हजारौंको उद्धार



काठमाडौँ/ अविरल वर्षापछि आएको बाढीको कारण चीनको दक्षिण र पूर्वी क्षेत्रका प्रान्तहरु प्रभावित भएका छन् । वर्षापछि ठूलो बाढी र पहिरोले समस्या झनै बढाएको छ । चीनका दुई प्रान्तमा मंगलबार नदीहरुको सतह ५० वर्षयताकै उच्च विन्दुमा पुगेको थियो ।

सामाजिक सञ्जालहरुमा देखिएको भिडिओमा पनि सडकमा पानीको भेलको कारहरु छोपिएको देख्न सकिन्छ । केही सहर बाढीको कारण पूरै डुबानमा परेका छन् । सार्वजनिक भिडिओमा मानिसहरुलाई डोरी तथा रबरको डुङ्गामा उद्धार गरिरहेको देख्न सकिन्छ । यो क्षेत्रमा यस वर्ष १९६१ यताकै सबैभन्दा ठूलो वर्षा भएको अधिकारीहरुको भनाइ छ । नदीको छेरी तथा डुबानमा पर्न सक्ने स्थानमा बसोवास गरिरहेका मानिसहरुलाई सुरक्षित स्थानमा सर्न सरकारले आग्रह गरेको छ । अहिलेसम्म विभिन्न प्रान्तका गरी हजारौं मानिसहरुलाई उद्धार गरिएको छ ।

गुआङडोङको शाओगुआन सहर बाढीबाट सबैभन्दा प्रभावित बनेको छ । यो सहरमा अहिलेसम्मकै सबैभन्दा ठूलो खतराको चेतावनी जारी गरिएको छ । यो क्षेत्रमा मेको अन्तिमदेखि अहिलेसम्म निरन्तर परेको अविरल वर्षाको कारण नदीको सतह उच्च बनेको छ । गुआङडोङको किन्युयान सहरमा पनि सोही किसिमको चेतावनी जारी गरिएको छ ।

त्यस्तै जियाङसी प्रान्तमा पनि नदीको सतहले खतराको विन्दु पार गरिसकेको छ । उक्त प्रान्तका विभिन्न नौ जिल्लाका ४ लाख ५८ हजार मानिसहरु बाढीबाट प्रभावित भएका छन् । -साभार: खबरहब

# सांसदले नै विधेयक नपाएपछि...



काठमाडौँ/ प्रतिनिधिसभाको बैठकमा सांसदहरूले राष्ट्रियसभामा उत्पत्ति भएको विधेयक प्राप्त नभएको भन्दै प्रश्न उठाएपछि दुई विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव अगाडि बढ्न सकेन ।

बैठकमा राष्ट्रियसभामा उत्पत्ति भएको 'नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६' र 'लोकसेवा आयोग विधेयक, २०७५' माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची थियो ।

सांसदहरूले ती विधेयक आफूहरूले प्राप्त नगरेको भन्दै आपत्ति जनाएपछि कार्यसूचीबाट ती विषय हटाइयो । त्यसपछि वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवले ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युटको सहभागितामूलक सदस्यका रुपमा सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्नेसम्बन्धी सम्झौता सदनमा पेश गरे ।

सन् २०१२ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न जलवायु सम्मेलनपछि सो इन्स्टिच्युट स्थापना भएको हो । सो इन्स्टिच्युटको केन्द्रीय मुख्यालय दक्षिण कोरियाको सियोलमा छ । त्यसका हालसम्म ४३ देश सदस्य छन् । त्यसको विधानअनुसार सदस्य लिँदा कुनै पनि आर्थिक भार तथा योगदान गर्नु नपर्ने मन्त्री यादवले जानकारी दिए ।

आर्थिक विकासका लागि जैविक विविधता संरक्षण, वातावरण र विकासबीच सन्तुलन बनाउने सन्दर्भमा त्यस संस्थामार्फत काम गर्न सकिनेछ । दिगो विकासका लागि मूर्तरुप प्रदान गर्दै विकास र वातावरणबीचको सन्तुलन कायम गर्न पनि त्यसबाट सहयोग लिन सकिने मन्त्री यादवले विश्वास व्यक्त गरे । नेपालले जलवायुका सम्बन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धतालाई कार्यान्वयन गर्न सहयोग पुग्ने तथा लगानी वृद्धि गर्न सहयोग पुग्ने एवं विश्वव्यापीरूपमा सफल अभ्यासको आदान-प्रदान गर्न पनि उपयुक्त माध्यमका रूपमा लिन सकिने भएकाले सो सम्झौता अनुमोदन आवश्यक रहेको मन्त्री यादवको भनाइ थियो ।

नेपालले सदस्यता प्राप्त गर्दा कुनै आर्थिक भार नपर्ने र आरक्षणको व्यवस्थासमेत नरहेको उनको भनाइ थियो । मन्त्रिपरिषद्को २०७७ भदौ १ को बैठकले सो सम्झौता अनुमोदनका लागि वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति प्रदान गरेको थियो ।

# १६ विद्यार्थीले चढे चुलु चोमोलुङमा

ओखलढुंगा/ त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपाल माउन्टेन एकेडेमीको स्नातकोत्तर तहमा अध्ययनरत १६ विद्यार्थीले मनाङमा रहेको ६ हजार ३९ मिटर अग्लो चुलु चोमोलुङमा (हिमाल) चढेका छन् ।

मंगलबार आरोहण गरेका उनीहरु बुधबारमात्रै आधार शिविर देखि तल झरेका छन् । मास्टर्स अफ एडभेञ्चर टुरिजम स्टडिज (म्याट्स) का पहिलो ब्याचका विद्यार्थीहरु, प्रशिक्षक, एकेडेमिक सुपरभाइजरसहित २१ जनाले चुलु हिमाल आरोहण गरेका हुन् ।

पाठ्यक्रममा आधारित स्थलगत अध्ययन र अभ्यासअन्तर्गत उनीहरु हिमाल आरोहणका लागि जेठ २९ गते चुलु हिमाल आरोहणका लागि गएका थिए । माउन्टेन एकेडेमीले नेपालमै एडभेञ्चर टुरिजम विषयमा हिमाल आरोहण अभ्यास सहितको पठनपाठन सुरु गरेको हो ।

उनीहरुलाई प्रशिक्षकले हिमालमै आरोहणसम्बन्धी कला, सामग्री प्रयोग, हिउँसम्बन्धी जानकारी, रोप फिक्सिङको तरिका, हिम पहिरोको जोखिम लगायतका अभ्यास गराएको आरोहणमै संलग्न एकेडेमीका निर्देशक उत्तमबाबु भट्टराईले बताए ।

आरोहणमा प्रमूख प्रशिक्षक छिरिङजाङबु शेर्पा, प्रशिक्षक आशिष गुरुङलगायत माउन्टेन गाईडहरु समेत थिए । उनीहरु मंगलबार राति १ बजे ४ हजार ८ सय मिटरको आधार शिविरबाट आरोहणका लागि उकालो लागेका थिए । उनीहरुले बिहान ९ बजेर १५ मिनेटमा आरोहण गरे । स्थलगत अध्ययन तथा आरोहण व्यवस्थापन अल्पाइन शेर्पा गाइड ट्रेक्स एण्ड एक्सपीडिसनले गरेको हो ।

कम पानी पर्ने मनाङ र मुस्ताङमा मनसुनको बेला समेत हिमाल आरोहण गर्न सकिने पुष्टि भएको माउन्टेन एकेडेमीले जनाएको छ । -साभार: इकान्तिपुर

# 'भटक भटक' मा नाजिर र आश्माको नृत्य



काठमाडौं/ विशिष्ट कलाकार हरि वंशका छोरा मोहितवंश आचार्य र मेलिना राईको स्वर रहेको गीत 'भटक भटक' सार्वजनिक भएको छ । सरोज ओलीको शब्द र दीपक शर्माको संगीत रहेको गीतमा 'ए है माया' को दोश्रो संस्करणको रुपमा ल्याइएको हो ।

गीतको भिडियोमा अभिनेता नाजिर हुसेन र मोडल आश्मा विश्वकर्माको अभिनय छ ।

डान्सिङ फ्लेवरको गीतको भिडियोमा गीतमा नाजिर र आश्माले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । विक्रम स्वारको निर्देशन रहेको भिडियोमा नवराज उप्रेतीको छायांकन, भुपेन्द्र अधिकारीले सम्पादन छ । -साभार: रातोपाटी

# रग्बी १५ मा नेपाल आधिकारिक प्रवेश



काठमाडौँ/ कप्तान कृष्ण थापा क्षेत्रीले टस जितेसँगै नेपाली रग्बी टोलीले ढाकाको आर्मी रंगशालामा पहिलो रग्बी १५ को आधिकारिक खेल खेलेको छ । प्रतिद्वन्दी बंगलादेशको पनि यो पहिलो आधिकारिक रग्बी खेल्न लागेकोले दुबै टोली उक्त उपलब्धिका लागि निकै खुशी देखिएको थियो ।

बंगबन्धु बंगलादेश-नेपाल अन्तर्राष्ट्रिय रग्बी सिरिज-२०२२ को रग्बी १५ प्रतिस्पर्धामा जित भने बंगलादेशको पोल्टामा पर्यो । बंगलादेशले नेपाललाई ३१-७ स्कोरले पराजित गर्यो । खेलपछि नेपाली प्रशिक्षक टंकराज गिरीले भने- 'यो ऐतिहासिक उपलब्धिको साक्षी हुन पाउँदा मलाई गर्व लागेको छ । अब नेपालको रग्बीमा अगाडी बढ्ने ढोका खुल्यो ।' नेपालले ७ जना खेलाडीहरुले खेल्ने रग्बी सेभेन मात्र खेल्दै आएको छ । विश्व रग्बी महासंघको मुख्य प्रतियोगिता १५ जना खेलाडीहरुले खेल्ने रग्बी १५ हो । त्यसमा भाग लिएपछि मात्र नेपालले विश्व रग्बी महासंघको पूर्ण सदस्य बन्न पाउँछ ।

कप्तान क्षेत्रीले पहिलो आधिकारिक प्रतियोगिता खेलेपछि खुशी हुँदै भने- 'रग्बी सेभन खेलेको दशक बढी भइसक्यो । तर आज आएर बल्ल १५ आफ्नै कप्तानीमा खेल्न पाए । ज्यादै खुशी छु । अब हाम्रो लक्ष्य रग्बीको डिभिजन ३ खेल्ने हुने छ ।'

नेपाल अहिलेसम्म डिभिजन विहीन । रग्बी १५ खेलेपछि अब त्यो बाटो खुल्नेछ । बुधवार भएको खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो । पहिलो हाफमा बंगलादेशले जम्मा एक ट्राई (५ अंक) मात्र गर्न सक्यो ।

तर घरेलु मैदानको फाइदा उठाउँदै बंगलादेशले दोस्रो हाफमा २६ स्कोर थप्यो र नेपाललाई दबावमा राख्यो । यद्यपि खेलको अन्तिम समयमा भने नेपालले खेल पूर्ण रुपमा नियन्त्रणमा राख्यो र एक ट्राई (५ अंक) हान्न सफल भयो ।

विराट श्रेष्ठले उक्त स्कोर गरेका हुन् । यो संगै उनी नेपालको तर्फबाट रग्बी १५ मा स्कोर गर्ने पहिलो खेलाडी बने । ट्राई गरेपछि सीधा पोष्टमा कन्भर्सन (गोलपोष्टमा सीधा हान्ने) को अवसर पाउँछ । श्रीराम श्रेष्ठले उक्त कन्भर्सन मा स्कोर (२ अंक) गरेपछि नेपालको स्कोर ७ पुग्यो । खेलपछि नेपाली र बंगलादेशी खेलाडीहरुले संयुक्त रुपमा खुशीयाली मनाए ।

***विराटको कीर्तिमान***

३१ वर्षीय विराट टोलीका उपकप्तान हुन् । मैदान प्रवेश गर्नु अगाडि उनले भनेका थिए- 'रग्बी खेलिकन अझैसम्म एक ट्राई हानेको छैन । आज हान्ने हो ।' भने जस्तै उनले उत्कृष्ट स्कोर गरे ।

खेलको ७५ औं मिनेटमा टोलीका अग्ला खेलाडी श्रीरामले मिलाइदिएको उत्कृष्ट पासलाई सदुपयोग गर्दै उनी बल लिएर स्कोर लाइनमा डाइभ हानेका थिए ।

विराटले भने- 'यो मेरो करिअरको पहिलो स्कोर हो, त्यो पनि रग्बी १५ मा गर्न पाँउदा हर्षित छु । स्कोर गरेपछि म साँच्चै नै रोएको थिएँ ।' बाग्लुङमा जन्मिएका विराट नेपाली रग्बी टोलीका पुराना सदस्य मध्येका एक हुन् । नेपाली रग्बीको विकासमा उनलाई एक महत्वपूर्ण सदस्य मानिन्छ । -साभार: रातोपाटी

# असर्फीको मूल्य बढ्यो

काठमाडौँ/ नेपाल राष्ट्र बैंकले असर्फीको मूल्य बढाएको छ । बिहीबार नेपाल राष्ट्र बैंकअन्तर्गतको मुद्रा व्यवस्थापन विभागले एक सूचना जारी गर्दै असर्फीको मूल्य बढेको जनाएको हो ।

बैंकले सुनचाँदी, असर्फी, स्मारिका सिक्का र मेडालियनको खरिद, टकमरी र बिक्री कार्यलाई व्यवस्थित गर्न बनेको नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी तथा बिक्रीसम्बन्धी कार्यविधि, २०७५ संशोधन गर्दै असर्फीको मूल्य बढाएको हो ।

संशोधन कार्यविधिअनुसार यसअघि प्रतिग्राम दुई सयका दरले रकम थप गरी असर्फीको दैनिक मूल्य निर्धारण हुँदै आएकामा रु एक सयले बढाएर प्रतिग्राम असर्फीको मूल्य तीन सय बनाइएको छ ।

यस्तै संशोधित व्यवस्थाले सर्वसाधारण बाहेक संगठित तथा निजी क्षेत्रका संस्थागत खरिदकर्ताबाट प्रयोजन खुलाई न्यूनतम २० थान असर्फी माग भई आएमा असर्फीको मौज्दात, माग गर्ने संस्थाको आवश्यकता तथा औचित्यका आधारमा विभागीय निर्णयबाट बिक्री गरिने छ ।

यसरी बिक्री गर्दा जर्ती लगायतको लागतबापतप्रति ग्राम पाँच सय थप गरी बिक्री मूल्य निर्धारण गरिने भएको छ । हाल तीन सय थप गरिँदै आएको थियो । यही असार ५ गते बसेको राष्ट्रबैंक सञ्चालक समितिले मूल्य बढाउने निर्णय गरेको जनाइएको छ । -साभार: अनलाइनखबर

**निःशुल्क सीप सिकौं आत्मनिर्भर बनौं**

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
हेटौंडा, मकवानपुर, नेपाल

फोन नं. ०५७-४१२७१६
फ्याक्स नं. ०५७-४१२७२४

**प्रविधि हस्तान्तरणको लागि दरखास्त आह्वान सम्बन्धि सूचना**

*प्रथम पटक प्रकाशित मिति: ०७९/०३/०८ गते*

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा मकवानपुरको यस आ.ब. २०७८/०७९ को बार्षिक कार्यक्रम अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम सीप विकासका लागि प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत यस केन्द्रको आ.ब. २०७७/०७८ र ०७८/०७९ मा देहाय बमोजिमका सीप विकास, जनचेतना, उद्यशिलता तालिमहरु हासिल गरेका प्रशिक्षार्थीहरुले यस केन्द्रबाट निर्धारण गरेको दरखास्त फारम अनुसार आफुलाई चाहिने प्रविधिको विवरण सहित रु. १० को टिकट टासी आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

देहाय:

| सि.नं | तालिमको विषय | अवधि | अन्तरवार्ता मिति, समय र स्थान | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|
| १. | केश श्रृंगार तथा सौन्दर्य बेसिक र अभिवृद्धी | ३ महिना | २०७९/०३/१६ गते समय बिहान ११:०० बजे देखि ५:०० बजे सम्म, स्थान: हे.उ.म.न.पा.- ८ कमाने, तालिम केन्द्र | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा मकवानपुरमा पाइने वा यस केन्द्रको वेब साईट (www.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | सिलाई कटाई बेसिक र अभिवृद्धी | ३ महिना | | |
| ३. | जनरल मेकानिक्स | ६ महिना | | |
| ४. | कम्प्युटर सफ्टवेयर | ६ महिना | | |
| ५. | विद्युत जडान | ३ महिना | | |
| ६. | प्लम्बिङ्ग | ३ महिना | | |
| ७. | इलेक्ट्रोनिक्स मर्मत | ३ महिना | | |
| ८. | बेतबास हस्तकला | ३ महिना | | |

प्रविधि लिन इच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:

१. प्रशिक्षार्थी आवेदन फाराममा रु. १० को टिकट टाँसि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति, नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, तालिम हासिल गरेको प्रमाण पत्रको प्रतिलिपिहरु र व्यवसाय गरेको भए सो समेतको कागजातहरु समावेस गरी २०७९/०३/१४ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ । प्रविधि हस्तान्तरणको लागी दरखास्त फारम भर्ने हरुको लागी अन्तर्वार्ताका लागी तोकिएको मिति र स्थानमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा, मकवानपुरमा उपस्थित हुनुपर्ने छ ।
२. प्रविधि हस्तान्तरणमा छनौट भएका उम्मेदवारहरुको प्रविधि हस्तान्तरण हुने मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
३. प्रविधि हस्तान्तरणको लागी उम्मेदवार छनौट गर्दा व्यवसाय संचालन गरेको व्यक्तिहरुलाई प्राथमिकता दिईने छ।

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**हार्दिक बधाई तथा शुभकामना**


*वसन्त कुमार सिटौला*


*सन्तोष श्रेष्ठ*

मेरो आदरणीय दाजूहरु मकवानपुर जिल्ला भलिबल संघको अध्यक्ष पदमा **वसन्त कुमार सिटौला** र महासचिव पदमा **सन्तोष श्रेष्ठ** निर्वाचित हुन भएकोमा हार्दिक बधाई तथा कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**सरोज चौलागाई (प्रोप्राइटर) *एवम्***
**यू टु फेन्सी हाउस, परिवार**
हेटौंडा-१० राप्तीरोड



हेटौंडा उपमहानगरपालिकामा आजदेखि नगरस्तरीय अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ्गशिल्ड छनौट प्रतियोगिता हुँदैछ । हेटौंडा-४ हुप्रचौरमा हुने प्रतियोगिताको एथ्लेटिक्स खेलका लागि बिहीवार ट्र्याक तथा फिल्ड निर्माण गर्दै खेल शिक्षकहरु । प्रतियोगिता आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा हुन गइरहेको शिक्षकसमेत रहेका जिल्ला एथ्लेटिक्स संघका राजाराम पोखेलले बताए । *-तस्बिर: साझा कुरा*

# पूर्व राजा महेन्द्र शाहको जन्मजयन्तीमा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ पूर्व राजा महेन्द्र शाहको १०२ औं जन्मजयन्तीको अवसरमा बिहीबार हेटौंडामा रक्तदान कार्यक्रम भएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीसम्वद्ध राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन मकवानपुरले पूर्व राजा महेन्द्र शाहको जन्मजयन्तीको अवसरमा रक्तदान कार्यक्रम गरेको हो । कार्यक्रममा २७ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको थियो । कार्यक्रममा राप्रपाका नेता, कार्यकर्ताले रक्तदान गरेका थिए । मकवानपुरमा रगतको अभाव भइरहेको बेला रक्तदान कार्यक्रम आयोजना हुँदा केही राहत भएको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दाहालले जानकारी दिए ।

राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुरका अध्यक्ष लक्ष्मण सापकोटाको अध्यक्षता तथा राप्रपाका वरिष्ठ नेता दीपक बहादुर सिंहको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको थियो ।

# व्यवसायीहरुबीच कर सम्बन्धी अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ मकवानपुर उद्योग वाणिज्य संघले कर सम्बन्धी अन्तरक्रिया गरेको छ ।

बिहीबार संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको अध्यक्षतामा भएको कार्यक्रमलाई आन्तरिक राजश्व कार्यालय, हेटौंडाका कर अधिकृत सुमन बुढाथोकीले सहजीकरण गरेका थिए ।

नेपाल सरकारबाट आगामी आर्थिक वर्षको बजेटमार्फत तय भएका प्रावधानहरु र कर सम्बन्धी अन्य व्यवस्थाहरु बारे उद्योगी व्यवसायीहरुलाई जानकारी दिन कार्यक्रम गरिएको संघले जनाएको छ ।

कर अधिकृत सुमन बुढाथोकीले राजश्व सम्बन्धी नियम र सुधार वा थप भएका विभिन्न प्रावधानहरुबारे जानकारी गराउनुका साथै सहभागीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिएका थिए ।

अन्तरक्रियाको क्रममा कृषि व्यवसायी हरिशरण अधिकारी, मदिरा व्यवसायी धर्म कुमार श्रेष्ठ, सुनचाँदी व्यवसायी सरोज सापकोटा, पवन कुमार शाक्य, संघका कर तथा लेखा परामर्शदाता सकुल कुमार श्रेष्ठ, अधिकृत विक्रेता व्यवसायी संघका अध्यक्ष पवन कुमार अग्रवाल, कृषि उद्यमी विवेक सुवेदीलगायतले आफ्ना भनाईहरु राखेका थिए ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्षद्वय प्रमोद सिंह रानाभाट र राजु अधिकारी, महासचिव दीपक उप्रेती, कार्यक्रम संयोजक प्रदीप अर्याललगायत विभिन्न वस्तुगत संघका अध्यक्ष, प्रतिनिधि तथा उद्योगी/व्यवसायीहरुको सहभागिता रहेको थियो ।


## निवासती सेवामा नवीन प्रतिभाको पहिचान गर्न

- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारी सहभागी बनौं,
- सुशासनका लागि निजामती कर्मचारीले आफ्नो प्रतिभाको पहिचान गरौं,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइड हेर्ने गरौ,
- निजामती सेवालाई फरक ढंगले हेर्दै थप क्रियाशी, व्यवहारिक र व्यवस्थित बनाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# स्थानीयको अवरोधपछि रिद्धिसिद्धी बन्द



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ विवादका क्रममा हात हालाहाल भएपछि रिद्धिसिद्धि सिमेन्ट उद्योगले स्थानीयलाई प्रहरी लगाई पक्राउ गराएको विरोध गर्दै आन्दोलन भएको छ ।

हेटौंडा-१५ स्थित रिद्धिसिद्धि सिमेन्ट उद्योगले स्थानीयलाई प्रहरी लगाएर थुनाएको भन्दै बिहीवार स्थानीयहरुले उद्योग बन्द गराएका छन् । स्थानीय र उद्योग प्रशासनका कर्मचारीबीच बुधबार छलफलका क्रममा सामान्य विवाद भएको थियो ।

बिहीवार बिहानदेखि उद्योग गेट परिसरमा स्थानीयले धर्ना कस्दै उद्योगको गेट बन्द गराएका हुन् । उद्योगले प्रहरी लगाएर थुनाएको भन्दै उद्योगको गेटबाट आयात र निर्यात ठप्प पारेका हुन् ।

स्थानीयको प्रहरीले नियन्त्रणमा लिएकालाई तत्काल छोड्नु पर्ने माग राखेका छन् । स्थानीय ढुवानी व्यवसायी विक्रम दोङलाई प्रहरीले नियन्त्रणमा लिएको हो । इन्धनको मूल्य वृद्धि भएपछि उद्योगबाट हुने सामान ढुवानीको भाडा वृद्धि हुनुपर्ने माग स्थानीय ढुवानी व्यवसायीहरुले राखेका थिए । उद्योग प्रशासनका कर्मचारी र ढुवानी व्यवसायी छलफलमा बस्दा उद्योगका प्रतिनिधि अच्युत पराजुलीसँग दोङको विवादपछि हात हालाहाल भएको जनाइएको छ ।

प्रहरीले बुधवार नै दोङलाई नियन्त्रणमा लिएपछि स्थानीय आक्रोशित भएका थिए । छलफलका क्रममा सामान्य विवाद भएको र धकेलाधकेल भएको उद्योगमै कार्यरत कर्मचारी भेषबहादुर स्याङतानले बताए । ढुवानी व्यवसायीहरुले दोङको रिहाईसँगै व्यवसायीहरुको माग सम्बोधन नभएसम्म उद्योगमा हड्ताल कायम राख्ने चेतावनी दिएका छन् । उनीहरुले उद्योग प्रशासनले उचित मागको सम्बोधन गर्नुपर्ने बताएका छन् । उद्योग प्रशासनका प्रतिनिधिसँग घटना बारे बुझ्न खोज्दा सम्पर्क हुन सकेन् ।

# एकल महिला दिवसमा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ १२ औं अन्तर्राष्ट्रिय एकल महिला दिवसको अवसरमा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान गरिएको छ ।

बिहबार दातृ निकाय पूर्वे उष्ट्रोको आर्थिक सहयोगमा मानव अधिकारका लागि एकल महिला समूह मकवानपुरले नव निर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान गरेको हो । कार्यक्रममा एकल महिलाबारे सामुहिक गीतसमेत प्रस्तुत गरिएको थियो । हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्य तथा मानव अधिकारका लागि एकल महिला समूह मकवानपुरकी उपाध्यक्ष शान्ता बिकको अध्यक्षतामा कार्यक्रम भएको थियो ।



कार्यक्रममा मेयर लामा, जिल्ला समन्वय समिति मकवानपुर की नव निर्वाचित सदस्य विष्णुमायाँ थपलिया, सुनिता दर्नाल परियार, हेटौंडा ११ की वडा अध्यक्ष जुना दाहाल, वडा सदस्य विकास नेपाल लगायतलाई सम्मान गरिएको थियो । कार्यक्रममा मानव अधिकारका लागि एकल महिला समूहकी बागमती प्रदेश उपाध्यक्ष रुकु अधिकारी, हेटौंडा १६ की वडा सचिव सरला बानियाँ, हेटौंडा १० की उद्यमी अविता श्रेष्ठ, शिक्षक ईन्दिरा लुईटेल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कल्पना सुवेदी, अप्सरा अर्याल, जुनकिरी पुडाशैनी लगायतले एकल महिलाको दु:ख, पीडा र समस्याबारे सामुहिक गीत प्रस्तुत गरेका थिए ।

# मदन भण्डारीको जन्मजयन्ती विविध कार्यक्रम गरेर मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ तत्कालीन नेकपा एमालेका महासचिव जननेता मदन भण्डारीको जन्मजयन्ती विविध कार्यक्रम गरेर मनाइने भएको छ । मदन भण्डारी फाउण्डेशन मकवानपुरले भण्डारीको ७१ औं जन्मजयन्तीको अवसरमा यही असार १२ गतेदेखि १४ गतेसम्म विविध कार्यक्रमको आयोजना गर्ने भएको हो ।

फाउण्डेशनले असार १२ गते बिहान ७ बजे हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम, १३ गते दिउँसो १ बजे हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा वक्तित्वकला प्रतियोगिताको आयोजना गर्ने भएको हो । यसैगरी, असार १४ गते बिहान ७ बजे शहिद स्मारकमा माल्यार्पण कार्यक्रम, ८:३० बजे हेटौंडा-९ स्थित बाल उद्यान पार्कमा वृक्षारोपणलगायतको कार्यक्रम गर्ने भएको मदनभण्डारी फाउण्डेशन मकवानपुरले जनाएको छ ।


## हेटौंडा-सिन्धुली सवारी सञ्चालन सम्बन्धी सुचना

यस सार्वजनिक मकवानपुर यातायात प्रा.लि.द्वारा हेटौंडा देखि सिन्धुलीसम्म हाललाई १८ सिट सम्मको क्षमता भएको १० वटा सवारी मात्र दर्ता गराई सञ्चालनमा ल्याउने भएको हुँदा ईच्छुक महानुभावले यही २०७९ अषाढ मसान्त भित्रमा कम्पनीमा आई सवारी दर्ताको लागि निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

सार्वजनिक मकवानपुर यातायात व्यवसायी प्रा.लि.
मुख्य कार्यालय : हेटौंडा-१, चाईनाक्वार्टर
फोन नं. ०५७५२१४८३, ०५७५२६२३४


# लागूऔषध ओसारपसारविरुद्धको दिवसमा विविध कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ लागूऔषध दुरुपयोग तथा ओसार पसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका दिन विविध कार्यक्रम हुने भएको छ ।

असार १२ गते (मार्च २६) परेको लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको दिन विविध कार्यक्रम हुने भएको हो । लागूऔषध दुर्व्यसन नियन्त्रणको क्षेत्रमा क्रियाशील विभिन्न गैरसरकारी संघ संस्थाको अग्रसरतामा असार १२ गते बिहान प्रभातफेरीको आयोजना गर्ने र बिहानै लागूऔषध दुर्व्यसनको पुनर्स्थापना केन्द्रको अवलोकन गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

सोही दिन दिउँसो विद्यालयहरुमा विद्यार्थीका लागि सचेतनामूलक कार्यक्रम आयोजना गर्ने र साँझ दीप प्रज्वलन गरी कार्यक्रम समापन गर्ने योजना बनाइएको रिकभरिङ समूह नेपालका सन्दीप शाक्यले जानकारी दिए । एकदिवसीय कार्यक्रम आयोजनाका लागि बुधबार हेटौंडामा सरोकारवाला निकायको सहभागितामा छलफल समेत भएको थियो ।

लागूऔषध दुर्व्यसन गम्भीर समस्याको रुपमा देखा परेका बेला सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा छलफलमा सहभागीले जोड दिएका थिए । दिवसको मनाउने विषयमा छलफलको संयोजन रिकभरिङ नेपालका उपाध्यक्ष निर्मल विडारीले गरेका छन् भने सहजीकरण रिकभरिङ नेपालका अध्यक्ष शाक्यले गरेका थिए । हेटौंडा उपमहानगर क्षेत्रमा मात्रै ६ वटा पुनर्स्थापना केन्द्र रहेको शाक्यले जानकारी दिए ।







बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)



## सूचना ! सूचना !! सूचना !!!

### भाखा नाघेको ऋण सम्बन्धि अत्यन्त जरुरी सूचना

यस संस्थाबाट बिभिन्न प्रयोजनको लागि बिभिन्न मितिमा लिएको ऋण समयमा नतिरी संस्थाले पटक/पटक तर ताकेता गर्दा पनि ऋण बुझाउन अटेर गर्ने सम्पूर्ण भाखा नाघेका ऋणी सदस्यहरुलाई ऋण तिर्न आउनको मिति २०७९ आषाढ ३२ गते सम्मको लागि यो सूचना जारी गरिएको छ । उल्लेखित म्यादभित्र पनि ऋण तिर्न आलटाल गर्ने ऋणीहरुको पूर्ण बिवरण पत्रपत्रिकामा प्रकाशित गरी नियमानुसार अन्य प्रक्रिया अघि बढाइने ब्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

सितु बचत तथा ऋण सहकारी संस्था लि.
भिन्तुनाथप, हेटौंडा-१, मकवानपुर



## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना